## मिति २०८२ साल पौष १४ गतेको कार्यपालिका बैठकको निर्णयहरु

१) यस पालिकाबाट आ.व. ०८२।०८३ मा बिनियोजन भएका योजना तथा कार्यक्रमहरु संसोधनको लागि गाउँ सभामा पेश गर्ने ।

२) यस पालिकाबाट आ.व. ०८२।०८३ को लागि बिनियोजन भएका योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने समयावधि माघ मसान्त सम्म थप गर्ने तथा रु १० लाख माथी (ठेक्काबाट सञ्चालन गर्ने बाहेक) का योजना उ.सं. मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

यस गाउँपालिकामा करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले सूचनाको समयावधि भित्र कार्यालयमा दर्ता गरेका सबै का.स.मू.हरुको मूल्याङकनको लागि निम्न जनप्रतिनिधि तथा कर्मचारीहरुलाई तोक्ने निर्णय गरियो ।

क) सुपरिवेक्षक र पुनरावलोकन कर्ताः श्री ऋषिकेश अधिकारी

ख) पुनरावलोकन समितिः

संयोजकः बुचुङ तामाङ

सदस्यः चण्डीका तामाङ

सदस्यः ऋषिकेश अधिकारी

३) यस गाउँपालिकामा कार्यरत करार सेवामा कार्यरत कर्मचारीहरुले पेश गरेको का.स.मू. फारामको सुपरिवेक्षक, पूनरावलोकनकर्ता र पूनरावलोकन समितिले मुल्याङकन गरि समग्र मूल्याङकनमा न्यूनतम ७५% अङ्क ल्याउने कर्मचारीको मात्रै म्याद थप गर्ने ।

४) आमाछोदिङमो गाउँपालिकाको आ.व. ०८१।०८२ को लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याईएको बेरुजु नियमित गर्ने ।

५) यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्षसँग र गाउँपालिका कर्मचारीहरूले प्रमुख प्रशासकीय अधिकृतसँग गर्नु भएको कार्यसम्पादन सम्झौता स्वीकृत गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने ।

६) निम्नानुसारका ऐन तथा कार्यविधिहरु पारित तथा संसोधन गर्ने निर्णय गरियो ।

क) आमाछोदिङमो गाउँपालिकाको स्वास्थ्य ऐन, २०८२

७) यस कार्यालयमा कार्यरत लेखापाल बिर बहादुर ओलीको अन्यत्रै सरुवा भएको र तत्काले लेखापाल कोही पनि आउने नदेखिएको हुँदा यसै कार्यालयमा कार्यरत लेखा समूहका कर्मचारी हाल आ.ले.प. शाखामा कार्यरत श्री जिवन रोकायालाई अर्को व्यवस्था नभए सम्मको लागि लेखापालले गर्नु पर्ने सम्पूर्ण कार्य गर्ने गरि जिम्मेवारी तोक्ने र खाता सञ्चालनको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय रसुवामा सिफारिस गर्ने ।

८) यस कार्यालयको कर्मचारी दरबन्दी तेरिज अनुसार स्थापना कालमा स्वीकृत भएको दरबन्दी तेरिज अनुसार कार्यालयको काम कार्बाही चुस्त सँग सञ्चालन हुन नसकेको कारण यस गाउँपालिकाको गाउँसभाबाट २०८१ सालमा O&M प्रतिवेदन स्विकृत गरि प्रदेश लोकसेवा आयोगमा पद दर्ताको लागि पेश गरिएकोमा हाल सम्म पनि उक्त प्रतिवेदन स्वीकृत नभएको हुँदा कार्यालयबाट पदनाम दर्ताको लागि प्रदेश लोकसेवा आयोगमा पूनः पदनाम फाराम भरी पेश गर्ने ।

९) माग आकृति पेश गर्नेः यस गाउँपालिकामा रिक्त रहेका देहाय बमोजिमका पदहरुमा स्थायी पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग आकृति फाराम भरि पेश गर्ने ।

निम्नः

| क्र.सं | पद | तह | सेवा/समुह | कार्यक्षेत्र | संख्या |
|---|---|---|---|---|---|
| १ | इन्जिनियर | सातौ | इन्जिनियरिङ/ सिभिल | गा.पा | १ |
| २ | सहायकस्तर | पाँचौ | प्रशासन/सामान्य प्रशासन | गा.पा,वडा | ४ |
| ३ | सव-इन्जिनियर | पाँचौ | इन्जिनियरिङ/ सिभिल | गा.पा,वडा | २ |

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङवेशी, रसुवा बागमती प्रदेश, नेपाल

ऋषिकेश अधिकारी
नि.प्रमुख प्रशासकीय अ...



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | असिस्टेन्ट सब-इन्जिनियर | चौथो | इन्जिनियरिङ/ सिभिल | वडा | २ |
| ५ | खा.पा.स.टे | चौथो/ पाँचौ | इन्जिनियरिङ/ सिभिल | गा.पा | १ |
| ६ | अमिन | चौथो | इन्जिनियरिङ/ सर्भे | गा.पा | १ |
| ७ | म.वि.नि | चौथो/ पाँचौ | विविध | गा.पा | १ |
| ८ | सहायकस्तर (प्रा.स) | पाँचौ | कृषि/ला.पो.डे.डे | कृषि | १ |
| ९ | सहायकस्तर(हे.अ) | पाँचौ | स्वास्थ्य/हे.ई | स्वास्थ्य | ४ |
| १० | अ.न.मी | चौथो | स्वास्थय/प.हे.न. | स्वास्थ्य | ४ |

१०)यस गाउँपालिकाको आ.व.०८२।०८३ को बार्षिक बजेट र प्रदेश साझेदारी कार्यक्रम अनुसार १ नं वडाको प्रशासनीय भवन निर्माणको लागि रु १ करोड १९ लाख रुपैया बिनियोजन भएकोमा पुरानो भवन रहेको स्थानमै नयाँ भवन बनाउने वडा कार्यालयको योजना रहेको हुँदा पुरानो भवन भत्काउन अनुमती प्रदान गर्ने निर्णय गरियो ।

११)यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विकाश शर्मा रिजालको अन्यत्रै सरुवा भएको र हाल कार्यालयमा प्र.प्र.अ. पद रिक्त भएको हुँदा नि.प्रमुख प्रशासकीय अधिकृतबाट सबै योजनाहरु (ठेक्काबाट सञ्चालन हुने बाहेका) को सम्झौता गर्ने निर्णय गरियो ।

१२)आमाछोदिङमो गाउँपालिका र श्री लोबेन निर्माण सेवा, धुन्चे, रसुवा बीच गोल्जुङ च्याम्दोल-गत्लाङ सडक निर्माणको लागि मिति २०८०/११/०६ मा सम्झौता भएको ठेक्का नं. AAMA/WORKS/NCB/01-2080/081 को सम्झौता अवधि समाप्त भई निर्माण व्यवसायीको काम सम्पन्न गर्ने अनुरोध तथा प्रतिबद्धतालाई दृष्टिगत गरी यसअघि पटक-पटक म्याद थप गरीएकोमा थपिएको समय सीमाभित्र पनि निर्माण व्यवसायीले कार्यस्थलमा सन्तोषजनक जनशक्ति र उपकरण परिचालन नगरेको, पटक-पटक दिइएको निर्देशन पालना नगरेको र हालसम्मको कार्य प्रगति अत्यन्त न्यून रही सम्झौताको शर्त बमोजिम काम सम्पन्न हुने आधार नदेखिएको प्राविधिक शाखाबाट जानकारी हुन आएको छ । अतः सार्बजनिक खरिद ऐन, २०६३ र *सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को प्रावधान बमोजिम, सार्वजनिक सेवा प्रवाहमा ढिलाइ* भएको र आयोजनाको लागत तथा समय बढ्न गई गाउँपालिकालाई हानी नोक्सानी पुग्ने देखिएकाले अब उक्त ठेक्काको म्याद थप नगर्ने निर्णय गर्दै सम्झौता बमोजिम काम नगर्ने उक्त निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता अन्त्य (Termination) गर्ने प्रक्रिया अगाडि बढाउन, कार्यसम्पादन जमानत (Performance Bond) जफत गर्न र नियमानुसार कालोसूचीमा राख्नका लागि गाउँसभामा पेश गर्ने ।

आमाछोदिङमो गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
गोल्जुङबेशी, रसुवा
बागमती प्रदेश, नेपाल

ऋषिकेश अधिकारी
नि.प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner